आ.व. २०७३/०७४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) का सम्बन्धमा २०७३ साल वैशाख २४ र २५ गते भएको छलफलमा माननीय सदस्यहरुद्वारा व्यक्त प्रमूख बुँदाहरु

१. मा.श्री जीवन परियार

- सिद्धान्त र प्राथमिकता राम्रो समसामयिक र सबै विषय परेका छन्।
- पूरानै सिद्धान्त नीति र प्राथमिकता परेको छ । कुनैपनि विषय नयाँ छैनन् ।
- यसमा आर्थिक दृष्टिलाई विभिन्न चरणमा बाँडिएकोले महत्वकांक्षी छ ।
- आजसम्म ७% ले आर्थिक बृद्धि भएको इतिहास छ तर हाल ०.७७% भएको अवस्थामा यो अत्यन्तै महत्वकांक्षी प्रस्ताव आएको छ ।
- आर्थिक बृद्धिलाई २ अंकमा पुऱ्याउन दोश्रो चरणको आर्थिक सुधार योजना अगाडी बढाउनु पर्दछ । जुन अघिल्लो सरकारले ल्याएकोलाई निरन्तता दिनु पर्दछ ।
- सरकारको कार्यशैली क्षमतामा प्रश्न आएको छ ।
- आर्थिक विभेद, वर्गीय विभेदको अन्त्य समनताले गर्न सकिदैन ।
- समतामुलक आर्थिक नीति राज्यले अवलम्वन गर्नु पर्छ ।
- नेपालको वर्गिय विभेदलाई अन्त्य गर्न equity द्वारा सम्भव छ ।
- समन्यायिक आर्थिक नीति राज्यले लिनु पर्छ ।
- समतामूलक समन्यायिक आर्थिक बृद्धिको नीति अवलम्बन गर्नुपर्छ ।
- ३ खम्बे अर्थनीति अनुरुप अर्थतन्त्र सुधार ।
- ठूला योजनाहरुलाई प्राथमिकिकरण गर्नुपर्ने, (राष्ट्रिय गौरवका आयोजना) ।
- साना आयोजनाहरुलाई महत्व दिनु पर्दछ ।
- उत्पादन र व्यापारको मोडेल परिष्कृत गर्नु पर्दछ ।
- राष्ट्रिय गौरवका आयोजनाहरुलाई अगाडी बढाउनु पर्दछ ।
- कर्मचारीहरुलाई विचार गर्ने ।
- उत्पादन र व्यापार बृद्धि गर्न International Production Network को अवधारण अवलम्बन गर्नु पर्दछ ।
- सामाजिक खर्च सुदृढिकरण गर्न Smart Card को नीति अगाडी बढाउनु पर्दछ ।
- उत्तरदायित्वयुक्त आर्थिक नीति हुनु पर्दछ ।

२. **मा.श्री माधवकुमार नेपाल**

- अर्थमन्त्रीले प्रस्तुत गर्नु भएको आर्थिक बृद्धिको खाका आशा लाग्दो छ ।
- यो वायुपङखी घोडाको गतिले अगाडी बढ्ने खालको छ ।
- विकासका पूर्व शर्तहरु सडक, विद्युत र संचार हो । यसमा जोड दिनु पर्दछ ।
- समस्या मूलत : अनुगमन, मूल्याङ्कन र प्रणालीमा देखिएको छ ।
- सबै सडक पूर्वाधारको काम किन अगाडी बढ्न सकेका छैनन् । मूल्याङ्कन गर्नुपर्छ । दण्ड र पुरस्कारमा जोड दिनु पर्छ ।
- प्रतिबद्धताहरु धेरै भए । विगतको राम्रो समिक्षा र मूल्याङ्कन गर्नु पर्दछ र त्रुटी हेरी सुधारु गर्नु पर्छ ।
- विद्युतको अभाव Air Connectivity Road Connectivity को अभाव आदिका समाधानका लागि One door Policy आवश्यक छ ।
- योजनाहरुको प्राथमिकीकरणमा जोड दिने, बेग्लै निकायद्वारा अुनगम र मूल्याङ्क समयमा गर्ने ।
- कृषिलाई अर्थतन्त्रको आधारशिलाको रुपमा लिने ।
- वन अतिक्रमण, वन विनाशमा जो तल्लीन छ त्यसैलाई व्यवस्थापनको जिम्मा लगाइन्छ ।
- पर्यटन प्रबर्द्धनमा जोड दिनु पर्दछ ।न पर्यटनको विकास सुस्त छ ।
- गणतन्त्र झल्कनका लागि विभिन्न संग्रहालय, निर्माण गर्ने ।
- स्थानीय निकायको चुनाव गर्ने ।
- भष्ट्राचारलाई नियन्त्रण गरिनु पर्दछ ।
- हुलाकी, मध्य पहाडी लोकमार्गहरुलाई प्राथमिकता दिनु पर्दछ ।
- कृषिले नै आय आर्जनमा बृद्धि गर्ने कार्यक्रम ल्याउनु पर्दछ ।
- अनुगमन, मूल्याङ्कन र कार्य प्रणालीमा ध्यान दिनु पर्दछ ।
- १ करोड पर्यटक ल्याउने उद्देश्य ल्याउनु पर्दछ ।
- नारायणहिटीलाई म्यूजियममा विकास गरिनु पर्दछ ।
- रोजगारीको ठूलो आवश्यकता छ ।
- गरिबी परिचयपत्रको व्यवस्था गरिनु पर्दछ ।
- जग्गाको वैज्ञानिक अभिलेख राख्नु पर्दछ ।
- नयाँ संसद भवन बनाउन ध्यान जाओस् ।
- सुशासन कायम राख्न ध्यान जाओस् ।

३. मा.श्री डोरप्रसाद उपाध्याय

- यो देशलाई समृद्धि कसरी बनाउने भन्ने आधार पत्र हो ।
- यसमा समावेश कतिपय कार्यक्रम सकारात्मक छन् ।
- कतिपय विषय विगतका सरकारको निरन्तरतामा रहेको छ । कति नयाँ पनि छन् ।
- निजी क्षेत्र मैत्री अगाडी भन्नु पर्ने कारण के हो? सिँधै समाजवाद उन्मुख राखेको भए राम्रो हुन्थ्यो ।
- संक्रमणकालीन अर्थतन्त्र र समाजवाद उन्मुख अर्थ प्रणाली भन्नु पर्दछ ।
- कृषि उद्योगलाई प्राथमिकतामा राख्नु पर्छ ।
- तीव्र आर्थिक बृद्धि दर हासिल गर्न कार्यक्रम के हुन स्पष्ट छैन ।
- रोजगारमूलक कार्यक्रमहरु यसले उठाउन सकेको छैन ।
- कृषि, पर्यटन क्षेत्रमा यसरी लगानी बढाइन्छ भन्ने स्पष्ट हुनु पर्दछ ।
- न्यायेचित बितरण प्रणाली हुनु पर्दछ भन्ने कुरा सैद्धान्तिक पक्षमा हुनु पर्दछ ।
- संविधान निर्माण, सेना समायोजन, शान्ति प्रक्रियाका बारेमा यसमा स्पष्ट उल्लेख भएका छैनन् ।
- तराई मधेश केन्द्रीत कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्दछ । विशेष कार्यक्रम संचालन गर्नु पर्दछ ।
- वैकल्पिक अर्थतन्त्र ग्रामिण स्थानबाट शुरु गर्नु पर्दछ ।
- पारदर्शीता शुसाशनका कुराहरुलाई अगाडी बढाउनु पर्दछ ।
- तीब्र आर्थिक बृद्धिका आधारहरु के के हुन ? स्पष्ट आउनु पर्दछ ।
- सामाजिक न्याय र सुरक्षाको प्रत्याभूतिमा जोड दिने, उत्पादन र न्यायोजित बितरण हुनुपर्ने ।
- आत्मनिर्भर र जनमुखी अर्थतन्त्र निर्माण गर्ने ।
- कतिपय विषयहरुलाई नयाँ ढङ्गले अगाडि बढाऔं ।

४. मा.श्री सुशीलकुमार श्रेष्ठ

- यो सरकार गठबन्धन सरकार हो । आगामी बजेटमा गठबन्धन पार्टीका घोषणा पत्रहरुलाई मध्यनजर गरेर निर्माण गरिनु पर्दछ ।
- कुनैपनि अर्थतन्त्रमा दीर्घकालिन लक्ष्यहरु तोकिएका हुन्छन् निर्धारण गरेका हुन्छन् ।
- सिद्धान्त र प्राथमिकतामा खासै फरक देखेको छैन ।
- विश्वको कुनैपनि देशमा अर्थतन्त्र विकासका लागि दीर्घकालिन लक्ष्य निर्धारण गरेको हुन्छ ।
- २०२२ र २०३० को लक्ष्य वास्तविक धरातलमा आधारित छैन । धरातलीय यथार्थमा लक्ष्य निर्धारण गरौ ।
- विश्वसनीय आधारमा दीर्घकालीन लक्ष्य लिनु पर्दछ ।

- पुर्ननिर्माण आयोगलाई प्रशस्त बजेट दिएको छैन ।
- गत वर्ष भन्दा यसपालिको आर्थिक बृद्धि हेर्दा हास्यास्पद छ । अनि कसरी २०२२ मा लक्ष्य हासिल गर्न सकिन्छ । अझ यसलाई सुधारी पुनलेखन गरौं ।
- शान्ति प्रक्रियाका टुंगो यसै वर्ष लगाउने विषय हास्यास्पद छ । विश्वासनीय आधार निर्माण गर्नु पर्दछ ।

५. मा.श्री परशुराम तामाङ

- प्रष्ट रुपमा कुनैपनि विषय वस्तु उल्लेख भएको छैन । बजेट आउँदा प्रष्ट रुपमा उल्लेख गरिनु पर्दछ ।
- खानेपानी व्यवस्थापन गर्नु पर्ने ।
- कृषि, जलश्रोत, पर्यटन, वन आदिलाई उपयोग गर्ने नीति आउनु पर्दछ ।
- कृषि, जलश्रोत, पर्यटन र वनमा जोड दिइ बजेट विनियोजन गर्ने ।
- कृषि बिउ, बिजन आदिमा अनुदान दिनु पर्दछ ।
- आय आर्जन हुने खालको नीति आउनु पर्दछ ।
- विदेशिएका युवाहरुलाई कृषी पेशामा लगाउन सक्ने नीति आउनु पर्दछ ।
- Hydro Power कार्यलाई अघि बढाउने ।
- सिँचाईमा प्रशस्त बजेट छुट्याउनु पर्दछ ।
- बुढी गण्डकीमा जोड दिने ।
- पर्यटक क्षेत्र स्थलहरुमो, धार्मिक स्थलहरुमा बजेट व्यवस्था गरिनु पर्दछ ।
- पर्यटक स्थलहरुमा सडक बितार गरी पर्यटन प्रवर्द्धन गर्ने ।
- हरियाली वन निर्माण गर्ने ।
- वैज्ञानिक वन व्यवस्थापन गर्ने ।
- भूकम्प पिडितहरुलाई यस बजेटले सम्बोधन गर्नु पर्दछ ।

६. मा.श्री जयदेव जोशी

- कृषि क्षेत्रलाई प्राथमिकता दिइएको ।
- कृषि, वन, बसोबास जस्ता कुराहरुलाई आधुनिकरण गर्ने कुरा यहा देखिदैन ।
- कृषि, पशुपालन, वन बसोवास क्षेत्रलाई अलग अलग गरी विकास गर्न बजेट ल्याउने ।
- Fertilizer Factory को विषयमा बजेटले बोल्नु पर्छ ।
- कृषि क्षेत्रमा कुनलाई प्राथमिकिकरण गर्ने स्पष्ट हुनु पर्दछ ।

- वैज्ञानिक भूउपयोगलाई कसरी अगाडी बढाउने व्यवस्था छैन ।

७. मा.श्री अनुराधा थापा मगर

- सरकारले घर बनाइदिनु पर्छ ।
- भूकम्प पिडितहरुलाई प्राथमिकता दिनु पर्दछ ।
- अनुदान र सहुलियत ऋण र रोजगारी दिने ।
- जमिन जोत्नेलाई दिनु पर्दछ ।
- भक्तपुर नगरलाई साँस्कृतिक नगर घोषणा गर्नु पर्छ ।
- भक्तपुरलाई साँस्कृतिक नगर बनाउन अविलम्ब विधेयक सरकारले ल्याउनु पर्दछ ।
- भारतसँग भएको पिटिए र पिडिए सम्झौता खारेज गर्नु पर्दछ ।
- खुल्ला सिमानामा ४९३ सिमास्तम्भ हराएका छन् ।
- भष्टचारलाई कडा करवाही हुनु पर्दछ ।
- विरोधाभाषपूर्ण सिद्धान्त आएको छ ।
- नेपालको बैकिङ्ग र अर्थतन्त्रमा विदेशी प्रभाव हुनु हुदैन ।
- नेपाल भारत खुला सिमाना व्यवस्थापन गर्नु पर्छ ।
- प्रदुषणयुक्त उद्योगलाई उपत्यकाबाट हटाउनु पर्दछ ।
- नेपालको लगानीमा नै जलविद्युत आयोजनाहरु संचालन गरिनु पर्दछ ।
- चालु खर्च ३०% मा सिमित गरी बाँकीमा ७०% हुनु पर्छ ।

८. मा.श्री मिलन कुमारी राजवंशी

- यो सिद्धान्त र प्राथमिकता बजेटको समर्थन गर्दछु ।
- Peace Sensetisive, development Approach लागू गर्ने ।
- ७ वटै प्रदेशमा गुरुयोजना निर्माण गरी बजेट बनाइनु पर्दछ ।
- महंगीलाई मध्यनजर गर्दै कर्मचारी भत्ता बढाउन जोड दिनु पर्दछ ।

९. मा.श्री यशोदा कुमारी लामा

- राष्ट्रको समृद्धि गर्ने हो भने मन्त्रालय र मन्त्रीहरुलाई जिम्मेवारी बनाउनु पर्दछ ।
- दलित, जनजातिको पार्टीको कुराहरु समावेश गरिएको छैन ।
- नेपाली जनता, गणतन्त्रको उपहास बनेका छन् ।
- कर्मचारीलाई नीति नियममा राख्नु पर्दछ ।

- सरसर्ती हेर्दा धेरै राम्रो छ । पुरानैको निरन्तरता छ ।
- भूकम्प पिडितहरुलाई व्यवस्थापन गर्ने कार्यमा यो बजेट आइदिएको भए अझै राम्रो हुन्थ्यो ।
- बजेट पार्टीमुखी नबनाई जनतामूखी बनाउनु पर्छ ।

१०. मा.श्री राधेश्याम अधिकारी

- अर्थतन्त्रको बास्केटलाई बढाउनु पर्ने ।
- लगानी मैत्री वातावरण बनाउने ।
- वाधक ऐन नियमहरुको संशोधन (Re Vision) गर्ने ।
- कृषि क्षेत्रमा प्राथमिकता निर्धारण गर्नुपर्थ्यो ।
- भू-उपयोगका विषय ठीक छ ।
- उत्पादन प्रशारण र बितरणमा ३ वटा एजेन्सी बनाइनु पर्छ ।
- बनाइएका विधेयकहरु तुरुन्त पास गरियोस् ।
- काठमाडौं हेटौडा सुरुङ्ग मार्ग निर्माणमा सरकारको सोच हुनु पर्दछ ।
- सडकमा ध्यान पुगेको छैन ।

११. मा.श्री जीवनबहादुर शाही

- बजेट कार्यान्वयन हुन्छ की हुदैन । लेखाई असाध्य राम्रो छ । (बिजुली, विचार, बाटो वन बजार-५ ब) मा जोड दिनु पर्दछ ।
- राष्ट्रिय गौरव भन्ने शब्द थप्नु पर्दछ ।
- कृषिका Category हटाउनु पर्ने ।
- काम नगर्ने व्यक्तिका लागि सजायको नीति ल्याउने ।
- E-Goverance मा जोड दिने ।
- Vision without Planning सम्भव हुदैन ।
- भूगोल र जनसंख्यालाई समान ढङ्गले अगाडी बढाउनु पर्दछ ।
- धनीलाई सहुलियत दिने नभई गरिब जनतालाई सहुलियत दिने बजेट आउनु पर्दछ ।

१२. मा.श्री भरत मोहन अधिकारी

- सिद्धान्त र प्राथमिकताको समर्थन ।
- वैदेशिक लगानी बढाउनु पर्‍यो ।
- उत्पादन बृद्धि गर्ने उद्योगमा जोड दिनु पर्दछ ।
- उर्जाको विकास गरिनु पर्‍यो ।

- साना घरेलु उद्योगलाई Rehave कसरी गर्न सकिन्छ सोच्नु पर्दछ ।
- संविधानमा उल्लेख कुरा स्पष्ट आउनु पर्‍यो ।
- विकास बजेटलाई कसरी खर्च गर्न सकिन्छ सो कुरा सम्बोधन हुनु पर्दछ ।
- आन्तरिक उत्पादन कसरी बढाउने ।
- भुकम्पछिको पुन निर्माणलाई प्राथमिकता दिनु पर्दछ ।
- आयात कसरी घटाउने र निर्यात कसरी बढाउने ती कुराहरु सम्बोधन गर्नु पर्दछ ।
- आन्तरिक अर्थतन्त्रमा संकुचन आइरहेको छ । यसलाई कसरी समाधान गर्ने ?
- पूर्वाधार विकासालाई उच्च प्राथमिकता दिनु पर्दछ ।
- बजेट कसरी कार्यन्वयन हुन्छ त्यसलाई जोड दिनु पर्दछ । रेमिट्यान्सको सदुपयोग कसरी गर्ने स्पष्ट हुनु पर्दछ ।
- कृषिजन्य उद्योग बनाउनका लागि लगानी बढाउने कार्यक्रम ल्याउने ।
- कृषिको आधुनिकरण हुने कसरी ? कृषि सम्बन्धी विशेष कार्यक्रम आउनु पर्ने ।

१३. मा.श्री तारिणीदत्त चटौत

- बजेट पछिभन्दा अगाडी छलफल बढी गर्ने व्यवस्था हुनुपर्ने ।
- भूकम्प पछिको पुननिर्माणमा जोड ।
- स्वच्छ खानेपानीको उपलब्धतामा जोड ।
- भूकम्प पिडितलाई राहत, पुननिर्माण, संविधान कार्यान्वयन, मधेश समस्या समाधान प्रमूख कार्य रहेको छ ।
- स्थानीय निर्वाचनमा जानु भन्दा पहिले मधेसका दाजुभाइ दिदीबहिनीहरुलाई वार्तामा ल्याउनु पर्दछ ।
- कृषिको लागि कृषि मल कारखाना स्थापना हुनु पर्‍यो ।
- जलश्रोतको विकास विद्युत विस्तार हुनु पर्‍यो । यसमा सरकारले ध्यान दिइयोस् ।
- स्वास्थ्यमा डाक्टर राख्ने व्यवस्था हुनु पर्‍यो ।
- शिक्षा, स्वास्थ्य क्षेत्रमा काम होस् ।

१४. मा.श्री पशुपति चौलागाई

- २०% पनि विकास खर्च गर्न सकिएन ८०% खर्च कसरी गर्न सक्छौं ।
- यो आर्थिक बृद्धिदर कसरी अगाडी बढाउने स्पष्ट हुनु पर्दछ ।
- आत्मनिर्भर हुन सक्ने कुराहरु राज्यले किटान गरिनु पर्‍यो । (विषयगत रुपमा दुध, माछा, मासु अन्न) ।

- तालिम केन्द्रहरुको विषयमा ध्यान दिनु जरुरी छ ।
- कृषिको क्षेत्रमा दिइने अनुदान स्पष्ट हुनु पर्दछ ।
- निकासी हुने वस्तुहरुको सूची बनाउनु पर्दछ ।
- आयत गर्ने वस्तु कम हुनु पर्दछ ।
- भन्सारबाट कम राजश्व उठाउछौं भन्ने सरकारको प्रतिबद्धता हुनु पर्दैन ?
- भूकम्प पिडितहरुलाई एकै किसिमले हेर्नु भएन ।
- भूकम्प पिडितहरुलाई गाउँमा नै रकम पठाउने व्यवस्था गरौं ।
- रेमिट्यान्सलाई उत्पादनको क्षेत्रमा लगानी गऱ्याउनु पर्ऱ्यो ।
- १४ वर्ष यताकै सबैभन्दा कम आर्थिक बृद्धिदर भएका अवस्थामा अवको वर्ष ।
- आत्मनिर्भर हुन सक्ने वस्तु, सेवाको वर्गिकरण गरी विकास गर्ने ।
- कृषिजन्य वस्तुको आत्मनिर्भरतामा जोड दिने । निकासीका वस्तुको सूची निर्माण गरी उत्पादनमा जोड ।
- भन्सारभन्दा आन्तरिक करबाट आत्मनिर्भर बन्दछु भन्ने प्रतिबद्धता लिनु पर्दछ ।
- रेमिट्यान्सलाई उत्पादनका काममा लगाउने ।

१५. मा.श्री सुरेन्द्र प्रसाद जयसवाल

- संविधान कार्यान्वयन मुख्य लक्ष्य छ । यो राम्रो कार्य हो ।
- कृषि, पर्यटन, उर्जालाई मुख्य थलो बनाएर लगानी गरिनु पर्दछ । यी विषयमा ठोस कार्यक्रम हुनु पर्दछ ।
- कृषि उद्योग खोल्न जोड दिनु पर्दछ
- उत्पादनमा बृद्धि गरिनु पर्दछ ।
- हाम्रो अर्थतन्त्र समाजवाद उन्मुख भएकोले आत्मनिर्भर बन्नलाई कृषि, पर्यटन, उद्योग, उर्जामा जोड दिने ।
- सुकुम्वासीको वासको व्यवस्था तथा सुकुम्बासी समस्या समाधानमा जोड दिइनु पर्दछ ।
- प्रादेशिक क्षेत्रीय सन्तुलन मिलाएर जानु पर्दछ ।
- हाम्रो अर्थतन्त्र समाजवाद उन्मूख भएकाले आत्मनिर्भर बन्नलाई कृषि, पर्यटन, उद्योग, उर्जामा जोड दिने ।
- स्थायीत्व, शान्ति स्थापनाको लागि बजेट मार्फत सम्बोधन हुनु पर्दछ ।
- शान्ति प्रक्रियाका कार्य के हुन किटान गरिनु पर्दछ ।
- भुकम्प पुन : निर्माणलाई प्राथमिकतामा राख्नु पर्दछ ।

- बजेट कार्यान्वयनमा समस्या के के हुन सो सम्बन्धमा सम्बोधन गर्नु पर्दछ ।
- हुलाकी राजमार्गलाई यति समयमा निर्माण गरिसक्ने भन्ने प्रतिबद्धता हुनु पर्दछ ।
- हरेक कामको सम्पन्नताको समय तोकिनु पर्दछ ।

१६. मा.श्री संजय कुमार गौतम

- आज हाम्रो युवा जनशक्तिहरु पलायन भइरहेका छन् । ती रोक्न पहल गरिरहेका छैनौ ।
- रोजगारी सिर्जना गर्ने कुरामा हामीले सोचेका छैनौ ।
- हामीसँग भएका उद्योगहरु जीर्ण भएका छन् । यस तर्फ नयाँ उद्योग खोल्न हामी ध्यान दिन सकिरहेका छैनौ ।
- हुलाकी, राजमार्ग, निर्माण गर्न हामीसँग पैसा छैन ।
- ग्याँस, तेल, पाइएको छैन ।
- यर्थाथपरक रुपमा बजेट आयोस् ।
- कृषि उद्योगमा सोच्न पर्‍यो
- एग्रीकल्चर पोलिटेक्निक निर्माण गर्ने अवसर दिनुहोस् ।
- कृषि, वन, उर्जा, उद्योग, जलश्रोत भण्डारलाई व्यवस्थापन गर्न तर्फ अगाडी बढौं ।
- शित भण्डार खोलौं ।
- श्रम बजारलाई व्यवस्थित गरौं ।
- उर्जा, सिँचाई, भूमी, जनशक्ति भएको नयाँ मुलुकमा कृषिको उद्योग खोलौं ।

१७. मा.श्री काशीनाथ अधिकारी

- जल, जमीन र जंगलको संरक्षण र समुचित प्रयोगमा बजेटले ध्यान देओस् ।
- आउने आर्थिक वर्षलाई सम्बृद्धिको वर्ष बनाउने हो भने बजेट निर्माणमा परम्पराबाट बाहिर निस्कन पर्दछ । बजेट रकम छर्ने काम नगर्न अनुरोध छ ।
- योजनाबद्ध विकास तर्फ जानु पर्दछ र सोही अनुसार रकम विनियोजन गर्नु पर्दछ ।
- खर्च प्रणालीमा सुधार हुनु पर्दछ ।
- संस्थागत विकास गर्न जरुरी छ ।
- सर्व साधारणको पूँजीलाई विकास तर्फ प्रवाह गर्नु पर्दछ ।

१८. मा.श्री रामनारायण बिडारी

- समाजवाद उन्मूख बजेट चाहियो ।
- दक्षिण उत्तर जोड्ने सडक निर्माण गर्नुपर्ने ।

- शहिद परिवारलाई शिक्षा, स्वास्थ्य जस्ता कुराको प्रत्याभूती दिनु पर्ने ।
- कृषि, पर्यटन र जलश्रोतमा राम्रो लगानी गर्नु पर्‍यो ।
- मानिसले कति कमाउन पाउने भन्ने कुराहरुलाई छेकवार लगाउने कुरा आउनु पर्दछ ।
- हाम्रो उद्योगहरुलाई संरक्षण सम्बर्द्धन गर्ने तर्फ अगाडी बढ्नु पर्दछ ।
- भदौबाट बजेट कार्यान्वयनमा जोड दिनु पर्दछ ।
- आधुनिक अर्थशास्त्रका राम्रा शब्द, वाक्यहरु ल्याइएका छन् ।
- मजदूर, किसान नारीहरुको पक्षमा किन बजेट आउन सकेन ?
- शान्ति प्रक्रियाको कुरालाई व्याख्या गरिएन ।
- स्थानीय प्रदेश, र संघीय सरकारको चुनाव गराउने तर्फ बजेट आकर्षक हुन पर्‍यो ।

१९. मा.श्री हरिचरण साह

- स्वास्थ्य गाँस, बासका कुराहरुमा ध्यान दिइएन ।
- सडक, हुलाकी राजमार्ग, आकाशे पानी, उर्जा, जलश्रोत, उद्योग आदिमा ध्यान दिनु पर्दछ ।
- पिपि मोडलबाट पैसा आउनु पर्दछ ।
- श्रम बजार निर्यात हुने कुरालाई नियन्त्रण गर्नु पर्दछ ।
- मधेशको मुद्दालाई सम्बोधन गर्नु पर्दछ ।

२०. मा.श्री भिमसेनदास प्रधान

- मलकारखाना स्थापना हुन किन सकेन ।
- भष्टचारको नियन्त्रण गर्न संयन्त्र बनाउनु पर्दछ ।
- पर्यटन विकास गरिनु पर्दछ ।
- कृषिको विकास गरिनु पर्दछ ।
- जंगलको जडिबुटी संरक्षणमा सरकारले ध्यान दिनु पर्दछ ।
- जलश्रोत/उर्जाको क्षेत्रमा लगानी बढाउनु पर्दछ ।
- जल सम्पदायको उपयोग हुनु पर्दछ ।
- वैकल्पिक उर्जाको विकासमा सरकारले ध्यान देओस् ।
- सांसद विकास कोषको रकम बढाउनु पर्‍यो ।

२१. मा.श्री श्रीप्रसाद जवेगु

- यो प्री बजेटले गरिब जनतालाई उन्मुक्ति दिन सकिन्छ की सकिदैन ।

- यो बजेट संघीय लोकतान्धिक गणतन्त्रात्मक सरकारले ल्याए जस्तो बजेट छ कि छैन ।
- धेरै विषय मा अन्यौल छ ।
- बेरोजगार समस्या कसरी हटाउने ?
- संघहरुले कुन आधारले अर्थतन्त्रको विकास गर्ने भन्ने कुरा उल्लेख छैन ।
- गरिबको पहुँच हुने गरी शिक्षाको विकास कहिले गर्ने ।
- कृषि क्षेत्रमा विभिन्न Zone हरुको विकास गर्ने । अलैची बोर्ड गठन गर्नमा जोड ।
- प्राथमिकिरणमा भएका विषयहरुमा आन्तरिक विषयवस्तु आएका छैनन् ।

२२. मा.श्री लक्ष्मण राजवंशी

- हाम्रो अर्थतन्त्र कस्तो हो समाजवाद वा प्रतिस्पर्धात्मक पूँजीवाद छुट्टिनु पर्छ ।
- समाजवादी अर्थतन्त्र र खुला अर्थतन्त्र कसरी सँगसँगै जान्छ यो तर्फ सोच्नु पर्दछ ।
- प्राकृतिक जैविक, साँस्कृतिक रुपमा धनी हामी किन गरीब छौं ?
- समाज सामन्ती अर्थतन्त्रमा जकडिएको छ ।
- कानूनी, भ्रष्टाचार, माफियातन्त्र, राजनीतिक भागबण्डा, दलाल तन्त्र आदिले बजेटलाई अवरोध गरिरहेको छ ।
- औद्योगिकरण कसरी गर्ने ।
- पुननिर्माणमा श्रमिकको अभाव रहेको छ । यसतर्फ सोच्नु पर्दछ ।

२३. मा.श्री राजेन्द्र प्रसाद पाण्डे

- कृषि उत्पादनमा मन्त्रालयको ध्यान जाओस् ।
- उर्जा उत्पादनमा जोड दिइयोस् ।
- प्रत्येक निर्वाचनमा एक सडक बनाउने कार्यलाई निरन्तरता दिइयोस् ।
- सामाजिक सुरक्षा भत्ता दोब्बर होस् ।
- संसद कोषको रकम सके ५ करोड नसके ३ करोड बनाइयोस् ।
- गा.वि.स.हरुलाई ५० लाख उपलब्ध गराइयोस् ।
- ३ खम्बे अर्थनीति अवलम्बन गरेका छौं ।
- स्वदेशी लगानीलाई प्रोत्साहन गरौं ।
- नीति ठीक छ, कार्यन्वयनमा खोट छ ।
- निर्वाचनको घोषणा पत्रको कार्यन्वयन गरौं ।

२४. मा.श्री मोहन बानिया

- शान्ति प्रक्रियाको क्षेत्रलाई यो बजेटले समेट्ने प्रयास गरेको छ ।
- वनस्पती विभागलाई खारेज गर्नुपर्ने ।
- गमगढी सडक मृत्यु मार्ग भएको छ यसलाई राष्ट्रिय/अन्तराष्ट्रिय मापदण्ड अनुसार रशेम मार्ग बनाउने ।
- पछाडि पारिएका क्षेत्रलाई मूल प्रवाहमा ल्याउने नीति हुनु पर्ने ।
- कर्णालीमा आयुर्वेदिक विश्व विद्यालय स्थापना गर्नु पर्ने ।
- सुर्खेत गामगढी सडकलाई विस्तार गरिनु पर्ने ।
- निर्वाचन क्षेत्र विकास कोष ५ करोड राखियोस् ।
- बेरोजगारी भत्ताको व्यवस्था गरियोस् ।
- सामाजिक सुरक्षा भत्ता बृद्धि गरियोस् ।

२५. मा.श्री निशा कुमारी साह

- यो देशलाई कसरी समृद्ध बनाउने भन्नेतिर सोच्नु पर्दछ ।
- जनतालाई केन्द्रमा राखेर बजेट निर्माण हुनु पर्दछ ।
- पुननिर्माणको काम अगाडी बढोस् ।
- भष्टाचार, कालो बजारी नियन्त्रण गर्न ध्यान दिनु पर्दछ ।
- सघियतालाई प्रादेशिक स्थानीय तहमा बजेट कसरी खर्च भन्ने कुरामा ध्यान दिनु पर्दछ ।
- भूकम्पको काम उद्घाटनमुखी भएको छ ।
- कृषि क्षेत्रमा बढी बजेट छुट्याउनु पर्दछ ।
- शिक्षा र स्वास्थ्यमा बजेट थप्नु र प्राथमिकता दिनु पर्दछ ।
- खेलकूद् क्षेत्रमा लगानी बढाइनु पर्दछ ।
- प्रत्यक्ष सांसद र समानुपातिक सांसदलाई दिइने बजेटमा रहेको विभेद अन्त्य हुनु पर्दछ ।
- उद्घाटनमुखी भएको छ ।
- युवा केन्द्रीत बजेट ल्याउन जरुरी छ ।
- सबै गा.वि.स.हरुलाई रकम बितरण गर्दा जनसंख्याको आधारमा बितरण गरिनु पर्दछ ।

२६. मा.श्री ध्यानगोविन्द रञ्जित

- कालो बजारी नियन्त्रणमा जोड दिने ।
- पानी, ग्याँसको प्रबन्ध गर्ने नीति ल्याउने ।

- भूकम्पबाट भत्किएको घरको पुननिर्माण गर्न स्वीकृत दिनु पर्‍यो ।
- काष्ठमण्डपको निर्माण सम्बन्धमा बजेटमा लेखिनु पर्दछ ।

२७. मा.श्री विदुरप्रसाद सापकोटा

- प्राथमिकताका दिएका कुराहरु कार्यान्वयनमा जान महत्वपूर्ण कुरा हो ।
- पर निर्भरतालाई आत्मनिर्भरमा परिणत गर्न कृषिलाई प्राथमिकता दिनु पर्दछ ।
- सिँचाईलाई प्राथमिकता दिनु पर्‍यो ।
- विद्युत, उर्जा आदिलाई प्राथमिकता दिनु पर्‍यो ।
- फलफूल, बिउ बिजनको पकेट क्षेत्र घोषणा गरिनु पर्‍यो ।
- कृषिजन्य पदार्थमा कति वर्षमा आत्मनिर्भर हुन सकिन्छ । समय तोकिनु पर्‍यो ।
- आत्मनिर्भर हुन सक्ने विषयहरुलाई प्राथमिकता दिनु पर्‍यो ।
- आर्थिक समृति तर्फ अघि बढ्नु पर्छ ।
- काभ्रे र सिन्धु दुधको पकेट क्षेत्र निर्धारण गर्ने ।

२८. मा.श्री कृष्णप्रसाद धिताल

- समाजवाद उन्मुख बजेटका आधारहरु के हुन खोलिनु पर्छ ।
- मध्य पहाडी क्षेत्रमा रहेका टारहरुलाई सिँचाईको व्यवस्था गरिनु पर्दछ ।
- वर्षाको पानी जम्मा गर्ने योजना राख्नु पर्दछ ।
- कृषि उत्पादित वस्तुको न्यूनतम मूल्य निर्धारण गरिनु पर्दछ ।
- कृषक पेन्सन कार्यक्रम ल्याउन आवश्यक छ ।
- भूकम्प पिडितका लागि विशेष कार्यक्रम आउनु पर्‍यो ।
- खानेपानीको अभाव हटाउने कार्यक्रम आउनु पर्‍यो ।
- बैकिङ्ग व्यवस्था ठाउँ ठाउँमा पुर्‍याउने व्यवस्था हुनु पर्‍यो ।
- उत्तर दक्षिण जोड्ने बाटो निर्माण हुनु पर्दछ ।
- नाका खोल्नेतिर जोड दिनु पर्दछ ।
- सेना र प्रहरीलाई विकासमा लगाउनु पर्दछ ।
- बजेट छर्ने काम रोकिनु पर्छ ।
- योग्य जनशक्ति उत्पादनमा जोड दिनु पर्दछ ।
- शहिद परिवारलाई राहत दिने व्यवस्था हुनु पर्दछ ।

- सामाजिक सुरक्षा भत्ता प्रदान गर्दा सुकुम्बासीलाई पनि प्रदान गरिनु पर्दछ ।
- पर्यटनको पूर्वाधार विकास गरिनु पर्दछ ।

२९. मा.श्री राजेन्द्रकुमार के.सी.

- बजेट यर्थाथपरक हुन पर्‍यो । हुनसक्ने र गर्न सक्ने कार्यक्रम मात्र ल्याइनु पर्‍यो ।
- बजेटको कार्यान्वयन कमजोर रहेको छ ।
- नीति तथा कार्यक्रमका ८०% कुराहरु हालसम्म कार्यान्वयन भएको छैन ।
- जे गर्न सकिन्छ बजेटमा त्यही कुरा लेख्नोस नसक्ने कुरा नलेख्नोस् ।
- जलश्रोतको विकास गर्न सकिएको छैन ।
- पर्यटनको विकास गर्न सकिएको छैन ।
- सौर्य उर्जा र वैकल्पिक उर्जाको विकासमा लगानी गर्नु पर्ने ।
- कृषिमा आत्मनिर्भर हुनु पर्दछ ।
- पर्यटन हाम्रो आर्थिक उपार्जन हो त्यसकारण पर्यटनमा जोड दिऔं ।
- रेमिट्यान्सको निश्चित रकम उद्योगमा लगाउने व्यवस्था होस् ।
- ५८ वर्ष पछि मात्र पेन्सन हुन व्यवस्था होस् ।
- बजेटले जनतालाई कसरी सम्बोधन गर्ने र स्रोत साधनको कसरी सदुपयोग हुन्छ त्यता ध्यान दिनु पर्दछ ।

३०. मा.श्री रविन कोइराला

- समाजवाद उन्मुख बजेट निर्माण गर्न सहकारी निजी र सरकारी क्षेत्रका लगानीलाई पर्यटन, जलश्रोत, क्षेत्रमा लगानी बढाउन सके समृद्धतिर जान सकिन्छ ।
- आयत प्रतिस्थापनको लागि कसरी कृषिका पकेट क्षेत्रमा कति प्रतिशत उत्पादन गर्न सकिन्छ स्पष्ट हुनु पर्दछ।
- कृषि क्षेत्रको आयत निर्यातको सन्तुलन कहाँनिर बिग्रिएको छ सो अधययन गरिनु पर्दछ ।
- पूर्वाधार विकासमा प्रत्येक प्रदेशले यो सरकारको पालामा यो योजना सम्पन्न भएको भन्ने होस् ।
- विगतमा प्रतिबद्ध गरे जस्तै प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड रकम छुट्याइयोस् ।
- राष्ट्रिय परिचयपत्रलाई लागू गरियोस् ।

३१. मा.श्री गुरुप्रसाद बुर्लाकोटी

- खानेपानीलाई सर्व सुलभ बनाउने ।
- एउटा निर्वाचन क्षेत्रलाई ५ करोड छुट्याउन पर्‍यो ।

- राष्ट्रिय गौरवका आयोजनालाई केन्द्र सरकारले र अन्य आयोजना जि.वि.स.लाई कार्यान्वयनमा दिइयोस् ।
- स्थानीय निर्वाचन गर्ने वातारण सिर्जना र बजेट व्यवस्था ।
- बुढी गण्डकीको विकास आयोजना निर्माणमा रहका अवरोध हटाउन पहल गरियोस् ।
- अपाङ्गका वर्गिकरण गरी भत्ता व्यवस्था होस् ।
- खानेपानीलाई भूकम्प प्रभावित क्षेत्रमा खानेपानी पुऱ्याउन बजेटले समेट्न पर्दछ ।
- सन्तुलित विकासमा बजेटले ध्यान दिइयोस् ।
- १ करोड, ७५ लाख र ५० लाख ले गरेर गा.वि.स.लाई रकम दिने व्यवस्था होस् ।
- स्थानीय निकायको निर्वाचन गर्ने व्यवस्था होस् ।
- जलासययुक्त परियोजनामा बजेट बोल्न पऱ्यो ।
- बुढी गण्डकी परियोजना ५०% प्रतिशत मुआब्जा दिने व्यवस्था होस् ।

३२. मा.श्री रामअयोध्या प्रसाद यादव

- बजेटमा नयाँपन आएको छैन ।
- किसानको लागि बिउ बिजन सिँचाई विभागको व्यवस्थामा अनुदानको व्यवस्था हुनु पर्दछ ।
- सिँचाईमा जोड दिऔं ।
- बेरोजगार भत्ताको व्यवस्था हुनु पर्दछ ।
- सांसदहरुको घर भाडा बढाएर २५ हजार बनाउनु पर्दछ ।
- निर्वाचन विशेष पूर्वाधार कार्यक्रमका लागि ५ करोड उपलब्ध गराउनु पर्दछ ।
- यो सिद्धान्त र प्राथमिकता कागजमा सिमित नहोस् ।
- गरिबको पहिचान हुने गरी परिचयपत्र बनाइयोस् ।

३३. मा.श्री तुलसा राना

- कृषिलाई प्राथमिकता दिने ।
- किसान बैंकको स्थापना गर्ने ।
- लक्षित वर्गको जीवनस्तर उकास्ने ।
- खेलकूदको विषय समेट्नु पर्ने ।
- राहत संचालन गर्ने ।
- आयत, निर्यातलाई व्यस्थित गर्ने ।

३४. मा.श्री सुरेन्द्र यादव

- बजेट, आर्थिक गतिविधिको संगालो हो ।
- कृषि, किसान, सिँचाई, वन र जमीनमा हामी के गर्दैछौ ।
- किसानलाई अनुदान दिने व्यवस्था हुनु पर्दछ ।
- कृषिलाई पहिलो प्राथमिकता दिनु पर्दछ ।
- प्रादेशिक जातिय समस्यालाई समाधान गर्न सरकारको ध्यान जाओस् ।
- राजनीतिक समस्या समाधान गरिनु पर्दछ ।

३५. मा.श्री नवराज शर्मा

- समयमा खर्च गर्ने आयोजनाहरुको लागि बजेट निकासा हुनु पर्दछ ।
- गुणस्तर कायम गर्न न्यूनतम वर्ष तोकिनु पर्दछ ।
- लो विडिङमा जाने व्यवस्थालाई रोक्न जरुरी छ ।
- उर्जा क्षेत्रमा प्राविधिकहरुको संस्थाको स्थापना गरिनु पर्दछ ।
- विकास र शुसाशनको लागि बजेट छुट्याउनु पर्दछ ।
- निर्माण सामाग्रीको गुणस्तर कायम गर्नुपर्ने ।
- तराईको समस्या समाधान गर्ने ।

३६. मा.श्री प्यारेलाल राना

- २०२१ सालदेखि अनिवार्य बचतको रुपमा उठाइएको रकम किसानले फिर्ता पाउनु पर्‍यो र त्यो रकमको क्षतिपूर्ति सहित रकम दिनु पर्दछ । आगामी बजेटमा आउनु पर्‍यो ।
- बिजुली उत्पादन गर्ने तर बजारिकण गर्ने कुरा यो कितावमा आएको छैन ।
- प्रत्येक प्रदेशमा एउटा विश्व विद्यालय र मेडिकल कलेज स्थापना हुनु पर्दछ ।
- स्मार्ट सिटीको लागि बजेटको व्यवस्था हुन पर्दछ ।
- सामाजिक सुरक्षाको कुरा गर्दा टिकापुरमा चालिसौं घरहरु जलेका छन् तिनीहरुलाई क्षतिपूर्तीको व्यवस्था होस् ।
- Hydro Power मा लगानी गरी भण्डारणको व्यवस्था गर्ने ।
- हुलाकी राजमार्ग सम्पन्न गर्ने ठोस कार्ययोजना ल्याउनु पर्ने ।
- खाद्यान्यमा अनुदान दिने ।
- कृषकहरुलाई उत्पादनका आधारमा अनुदान दिने व्यवस्था गर्ने ।

३७. मा.श्री श्यामप्रसाद ढकाल

- सुधारका योजना र नीतिहरुलाई गम्भिरतापूर्वक लिइयोस् ।
- खर्च गर्ने क्षमतामा ह्रास आइरहेको छ यसमा ध्यान जाओस् ।
- गरिवीको रेखामुखि परेका जनताहरुलाई रासन कार्डको व्यवस्था होस् ।
- भूमीहिन १० लाख परिवारलाई जग्गा उपलब्ध गराई उनीहरुको नाममा भूमी, दर्ता गरिदियोस् ।
- तराईका दलित, गरिब परिवारलाई घरका छानामा टिनको व्यवस्था होस् ।

३८. मा.श्री दीपकप्रसाद कुइकेल

- कृषिलाई प्राथमिकता राखे पनि सिँचाईको व्यवस्था भएको छैन ।
- उर्जालाई प्राथमिक क्षेत्र मानियो तर भारतबाट विद्युत आयत गर्न गरिएको छ ।
- पर्यटनलाई प्राथमिकता दिइयो, पर्यटक बढाइयो तर मन्दिरहरु बस्ती टुडालहरु निर्माणमा प्राथमिकता दिइएको छैन ।
- भ्रष्टाचार नियन्त्रण र चुहावट नियन्त्रण गर्ने नीति आओस् ।
- सात प्रदेशका राजधानी निर्माणका लागि के योजना छ त्यो कुरामा सोच्नु पर्‍यो ।
- काठमाडौं उपत्यका राजधानीलाई राम्रो बनाउन प्राथमिकता दिनु पर्दछ ।
- सांसदको व्यवस्थापनको लागि सरकारले सोचोस् ।
- बजेट कार्यानवयन हुने गरी योजना बनोस् ।
- बजेट कार्यान्वयनका प्राथमिकताहरु छुट्याउन सकेको छैन ।
- चुहावट नियन्त्रण र भ्रष्टाचार नियन्त्रणका विषयहरु बजेटले सम्बोधन गर्नुपर्ने ।
- सांसदहरुको न्यूनतम आवश्यकता (वास) को व्यवस्थामा ध्यान दिने ।
- ठोस योजना आउनु पर्ने कनिका छरे जस्तो गरी नआओस् ।

३९. मा.श्री मदन कुमारी शाह (गरिमा)

- कृषि उर्जा र पर्यटन क्षेत्रको विकासका लागि बजेट विनियोजनको तरिकामा ध्यान दिने ।
- बजेट विनियोजनलाई विकेन्द्रित गर्नु जरुरी छ ।
- आत्मानिर्भरका लागि कृषि, जलश्रोत र पर्यटनलाई जोड दिनु पर्दछ ।
- धनगढी र निजगढमा अन्तराष्ट्रिय विमानस्थल बनोस् ।
- उर्जा संकट कम गर्न घोषणा भएका आयोजनाहरुलाई बजेट व्यवस्था होस् ।
- पर्यटकीय मार्गमा बजेट विनियोजन गर्ने ।
- सांस्कृतिक संग्रहालयको स्थापना गर्ने ।

- सुदूर पश्चिममा आयल निगमको डिपो स्थापना तर्फ ध्यान जाओस् ।
- कर्मचारीको सेवा सुविधा बृद्धि गर्ने तर्फ ध्यान जाओस् ।
- जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने ।

४०. मा.श्री देवकरण प्रसाद कलवार

- नारायणी नदीमा बाध बनाउनु पर्ने । अधुरो तटबन्ध निर्माण होस् ।
- संसदीय क्षेत्रमा ५ करोडको व्यवस्था गर्ने ।
- उखु किसानले तत्काल रकम पाउने व्यवस्था होस् ।
- विद्युत गृह निर्माणमा बजेटको व्यवस्था होस् ।

४१. मा.श्री कृपाराम राना

- भौतिक पूर्वाधारको विकास गर्ने ।
- राजनैतिक प्रतिबद्धता सहित विकासमा एकता कायम गरौं ।
- संविधानको कार्यान्वयनको लागि अपिल गर्दछु ।
- संविधान कार्यान्वयनको लागि स्थानीय प्रादेशिक निर्वाचन हो ।
- यातायात र उर्जाको विकास हुनु पर्दछ ।
- राजनीतिक प्रतिबद्धताको कमी भएको देखिन्छ ।
- विकासको लागि राजनीतिक दल एक ठाउँमा उभिऔं ।

४२. मा.श्री प्रकाश शर्मा पौडेल

- राष्ट्रिय गौरवका आयोजनाहरुमा अनुगमन र मूल्याङ्कनलाई अगाडी बढाउनु पर्दछ ।
- बजेटलाई भूगोल र छ जनसंख्याको आधारमा बितरण गरिनु पर्दछ ।
- बाढी पहिरो, अग्नि पिडितको लागि पनि बजेटको व्यवस्था हुनु पर्दछ ।
- आयोजना योजना सम्पन्नका लागि समय र स्रोत दिनु पर्दछ ।
- स्थानीय निकायको निर्वाचन गर्ने गरी बजेट ल्याउनु पर्दछ ।
- बेरोजगार युवालाई रोजगार दिने कुरा उल्लेख गरिनु पर्दछ ।
- डिजेल, पेट्रोल लगायत खानी उत्खननलाई प्राथमिकता दिनु पर्दछ ।
- सांसद पूर्वाधार विकासको बजेटलाई ५ करोड बनाइनु पर्दछ ।
- उत्तरी नाकालाई खोलिने व्यवस्था हुनु पर्दछ ।
- सामाजिक सुरक्षा भत्ता बृद्धि गरिनु पर्दछ ।

४३. मा.श्री रामहरि सुबेदी

- मोटरबाटो नपुगेको गा.वि.स.मा कहिलेसम्म बाटो पुग्छ ?
- स्वास्थ्य केन्द्रमा कहिलेसम्म डाक्टर पुग्छन् ?
- शिक्षकको न्यूनतम दरबन्दी मिलाउने कार्य बजेटमा कहिले आउँछ ?
- गा.वि.स.मा ५० लाख दिनु पर्दछ ।
- संसदीय कोषमा जाने रकम बितरणको मापदण्ड बनाइयोस् ।
- राष्ट्रिय परिचय पत्र लागू गरेर गरिब परिचयपत्र बनाइयोस् ।

४४. मा.श्री बुद्धिसागर चौधरी

- समाजवाद उन्मुख अर्थतन्त्रकालागि कृषि भूमी सुधार जस्ता कार्यक्रमहरुलाई बढी प्राथमिकता दिनु पर्दछ ।
- कृषि उत्पादन चिजहरुको किसानले उचित मूल्य पाउने व्यवस्था हुनु पर्दछ ।
- रासयनिक मलमा ८०% अनुदान पाउनु पर्दछ ।
- भूमीगत जलश्रोत सिँचाईको लागि बढी बजेट विनियोजन हुनु पर्दछ ।
- कृषले उत्पादन गरेको धानको मूल्य भदौमा तोकि खरिद गर्ने व्यवस्था हुनु पर्दछ ।
- गहुँको खरिद र मूल्य निर्धारण समयमा गरिदिनु पर्दछ ।
- कृषिमा बढीभन्दा बढी बजेट व्यवस्था होस् ।
- सुकुम्बासी समस्याको लागि यही बजेटमा व्यवस्था गरियोस् ।
- मुक्त कमैया पुनस्थापनाको लागि बजेट व्यवस्था होस् ।
- मुक्त कमैयाको पुन : स्थापनाको लागि १ परिवारको लागि १० लाख व्यवस्था होस् ।
- बाढी पिडितको बसोवासको लागि बजेटमा व्यवस्था होस् ।

४५. मा.श्री नागेन्द्रप्रसाद थारु

- बजेट बितरणको मापदण्ड स्पष्ट हुनु पर्दछ ।

४६. मा.श्री उदय नेपाली श्रेष्ठ

- बजेट कार्यान्वयन र आर्थिक अनुशासनको लागि ऐनको आवश्यकता रहेको छ ।
- वैदेशिक लगानीको वातावरण बनाउन कानूनी व्यवस्था हुनु पर्दछ ।
- संसद भवनको लागि बजेट छुट्टिन्छ । साथै सांसद आवासको लागि पनि बजेटको व्यवस्था गर्नुपर्ने ।
- बजेट कार्यान्वयमा जोड दिनु पर्दछ ।

४७. मा.श्री गीता क्षेत्री

- जनतालाई सहुलियत दिने कुरा उठाइएको छैन ।
- रेमिट्यान्सको प्रयोग विकास कार्यक्रममा हुनु पर्दछ ।
- केही खाद्य र अन्य सामानहरु आयातमा प्रतिबन्ध लगाउनु पर्दछ ।
- सुरक्षा र शिक्षामा विशेष बजेट छुट्याउनु पर्दछ ।

४८. मा.श्री सुरेन्द्रकुमार कार्की

- बाटो, सडक विभाग र पिउने पानी, खानेपानी विभागले पुऱ्याउने व्यवस्था कहिले होला ?
- आर्थिक राजनीतिक अर्थतन्त्र अगाडी बढाउनु पर्दछ ।
- देशको सम्पत्ती बेच्नेलाई कहिले कारवाही गर्ने ?
- साङ्लो जस्तै विकासको अवधारणा ल्याउनु पर्दछ ।
- अर्थतन्त्र मौलिक हुनु पर्दछ ।
- हाम्रो अर्थतन्त्रको बाटो के हो ?
- अर्थतन्त्र राजनीतिक कुरा हो ।
- बजेटमा एउटा संकल्प गरौं ।
- नेता, कर्मचारी धनी हुने अर्थतन्त्र होइन । देश धनी हुने अर्थतन्त्र बनाऔं ।
- जमिनको वर्गिकरण गरौं । जस्तै : आवास, वन र खेती ।
- आर्थिक परिचय पत्र बितरण गरौं । यसको लागि बजेट छुट्याऔं ।
- राजनीतिक संक्रमण अन्त्य गर्न राजनीतिक अर्थतन्त्र बढाइनु पर्छ ।
- निजी क्षेत्र सक्षम नभएसम्म निजी क्षेत्र मैत्री बनाउन सकिदैन ।
- दुधमा यति वर्षभित्रमा देशलाई आत्मनिर्भर हुने नीति ल्याउने ।
- भेडीगोठ, चौरी संरक्षण गर्ने ।

४९. मा.श्री भाष्कर भद्रा

- सबै अंगको सन्तुलित विकासबाट देश समृद्ध हुनु पर्दछ ।
- कूल ग्राहय बृद्धि हुनको लागि राष्ट्रिय पूँजीको लगानी हुनु पर्दछ ।
- विकास खर्च बढाउने तर्फ ध्यान दिनु पर्दछ ।
- भूकम्प पिडितको लागि राहत र पुननिर्माणमा जोड दिनु पर्दछ ।
- स्थानीय निर्वाचनलाई प्राथमिकता दिनु पर्दछ ।

- कृषिलाई प्राथमिकता दिनु पर्दछ ।
- पर्यटनलाई प्राथमिकता दिनु पर्दछ ।
- राष्ट्रिय गौरवका आयोजनाहरुमा पर्याप्त बजेट विनियोजन हुनु पर्दछ ।
- बजेटमा उल्लेखित प्रतिबद्धता ५०% पुरा गरेमा राम्रो हुन्छ ।
- राजनीतिक दलको आर्थिक क्रियाकलाप पारदर्शी हुनु पर्दछ ।
- कृषिलाई आधुनिकिकरण, व्यवसायिकरण, गरी रोजगारी सिर्जना तर्फ अगाडी बढ्नु पर्दछ । राष्ट्रिय गौरवका आयोजनाहरुलार्य प्राथमिकता दिने ।

५०. मा.श्री अर्जुननरसिंह के.सी.

- नेपालको मूल समस्या गरिबी र असमानता हो ।
- तसर्थ गरिबी र असमानता उन्मूलन मात्र राष्ट्रिय सपना पूरा गर्नु पर्दछ ।
- पूँजीगत खर्च १९% मात्र भएको छ ।
- विप्रेषणलाई राष्ट्रिय हितमा कसरी सदुपयोग गर्ने ३ खम्बे नीति अवलम्बन गर्ने ।
- भूकम्प पिडितहरुका लागि विनियोजन र प्रतिबद्धित रकम एकमुष्ट रुपमा चाडो दिनु पर्ने तर्फ सरकारले गम्भिर भएर सोच्नु पर्छ ।
- कृषकहरुका लागि एग्रोभेट इण्डष्ट्री खोल्न जोड दिने ।
- भ्रष्टाचार बढ्दै गएको न्यूनतम तलब बृद्धि गर्न सरकार गम्भिर हुनु पर्दछ ।
- जलविद्युत, युवाशक्ति परिचालन महिला सशक्तिकरणका लागि विशेष कार्यक्रम ल्याउनु पर्छ ।
- पूर्वाधार संरचनाको दृष्टिकोणले नेपाल कमजोर छ ।
- सामाजिक सुरक्षा अन्तर्गत बृद्ध भत्ता मासिक न्यूनतम २०००।- पुऱ्याउनु पर्दछ ।
- भ्रष्टचारको संस्कृतिको अन्त्य गर्न राजनैतिकबाट शुरु गर्ने ।
- निर्वाचनलाई निष्पक्ष, पारदर्शी बनाउने तर्फ सोचियोस् ।

५१. मा.श्री केशवप्रसाद बडाल

- प्रस्तावित दस्तावेजमा धेरै कुराम सुधार गर्नु पर्दछ ।
- सिद्धान्त र प्राथमिकता निर्देशित र व्यवस्थित हुन पर्दछ ।
- संविधानले ३ खम्बे अर्थनीति लिए अनुसार निजी क्षेत्र मैत्री मात्र बनाउनु हुदैन ।
- उत्पादनलाई प्रतिस्पर्धीमूलक बनाउने, साथै प्रविधि मैत्री गुणस्तरीय बनाउने ।

५२. मा.श्री राज्यलक्ष्मी श्रेष्ठ (नुवाकोट)

- सबैका लागि विकास अस्पष्ट छ ।

- नुवाकोटको ७ तले दरबार पुननिर्माणका लागि बजेट विनियोजन गरियोस् ।
- महिला बालबालिका, पिछडिएको वर्ग अपाङ्ग आदिलाई लक्षित गरी बजेट व्यवस्था हुन पर्दछ ।
- भूकम्प पिडित र पुन निर्माणमा जोड दिनु पर्दछ ।
- राष्ट्र सेवक कर्मचारीको सेवा सुविधामा पुनरावलोकन हुनु पर्दछ ।
- शिक्षामा यथेष्ट बजेट हुनु पर्दछ ।
- कृषि सिँचाई, वनमा प्रशस्त बजेट हुनु पर्दछ ।
- रसुवा, केरुङ्ग मार्गको लागि बजेटको व्यवस्था होस् ।

५३. मा.अइन्द्र सुन्दर नेम्वाङ्ग

- व्यक्त गरिएका प्रतिबद्धताहरुमा समुचित र न्यायोचित बजेट बितरण हुनु पर्दछ ।
- हाइड्रो पावरको विकासमा जोड दिनु पर्दछ ।
- भाषा र संस्कृतिको संरक्षणको लागि बजेट व्यवस्था हुनु पर्दछ ।
- श्रम बजार बाहिर जान नियन्त्रण गर्न आवश्यक व्यवस्था हुनु पर्दछ ।

५४. मा.श्री दुर्गा पौडेल

- दुर्गम क्षेत्र विकासको लागि बजेट व्यवस्था हुनु पर्दछ ।
- हदभन्दा बढी जमिन विना क्षतीपूर्ती भूमिहिन किसानलाई बितरण गर्नु पर्दछ ।
- ठूला विद्युत आयोजनाहरु संचालनका लागि राष्ट्रिय हितमा आचरण नआउने गरी वैदेशिक सहयोग लिने व्यवस्था मिलाउनु पर्दछ ।
- उद्योग संरक्षणका लागि उपयुक्त नीति ल्याउनु पर्छ ।
- ग्रामीण पर्यटनलाई प्राथमिकता दिनु पर्दछ ।
- स्थानीय निर्वाचन सम्पन्न गर्नु पर्दछ ।
- जेष्ठ नागरिकको लागि उचित नीति बनाउनु पर्दछ ।

५५. मा.श्री सीमाकुमारी विक

- राष्ट्रिय महत्व र विकास कार्यक्रमहरु समय सिमाभित्र सम्पन्न गर्ने व्यवस्था हुनु पर्दछ ।
- आर्थिक विकासको लागि कृषि, जलश्रोत र पर्यटनमा जोड दिनु पर्दछ ।
- विद्युत लाइसेन्स लिएर कार्य नगर्नेको लाइसेन्स खारेज गर्नु पर्दछ ।

५६. मा.श्री श्यामकुमार श्रेष्ठ

- यसमा रहेको निजी क्षेत्र मैत्री शब्द हटाउनु पर्दछ ।
- गुणस्तरीय शिक्षा र स्वास्थ्यको लागि बजेट विनियोजन होस् ।

- रोजगारीमा ध्यान दिनु पर्दछ ।
- जमिन, जंगल, जडिबुटी, पर्यटन प्राथमिकतामा हुनु पर्दछ ।
- नेपालको विशेष भूगोल हेरेर विशेष उत्पादन हुने तर्फ ध्यान दिनु पर्दछ ।
- विचौलियाबाट कृषि क्षेत्र अलग गर्नु पर्दछ ।
- कृषि उत्पादन हुने स्थानमा सडक विस्तार गरिनु पर्दछ ।

५७. मा.श्री रोमी गौचन थकाली

- राज्यको समुचित र न्यायोचित बजेट बितरण हुनु पर्दछ ।
- सानो आयोजना जि.वि.स.लाई जिम्मा दिनु पर्दछ ।
- निश्चित रकम तोकेर केन्द्रीय आयोजना हो होइन भन्ने छुट्याउनु पर्दछ ।
- तराईमा सिँचाई र हुलाकी राजमार्गालई प्राथमिकता दिनु पर्दछ ।
- भ्रष्टाचार नियन्त्रणको लागि ठोस कार्यक्रम आउनु पर्दछ ।
- बुढी गण्डकीलाई प्रशस्त बजेट छुट्याउनु पर्दछ ।
- भ्याट दर्ता सिलिङ १ करोड हुन उपयुक्त हुन्छ ।
- कृषि उत्पादनमा पनि कर लगाउन वैज्ञानिक प्रणाली हुनु पर्दछ ।

५८. मा.श्री प्रकाश ज्वाला

- अबको बजेट प्रादेशिक सन्तुलनलाई कायम राखेर सन्तुलित बजेट आउनु पर्दछ ।
- प्रत्येक प्रदेशमा २ वटा राष्ट्रिय गौरवका आयोजना निर्माण गरिनु पर्दछ ।
- स्थानीय निकायको निर्वाचनका लागि बजेट व्यवस्था हुनु पर्दछ ।
- कृषिको औद्योगिकरण हुनु पर्दछ ।
- किसानहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्दछ ।
- भूकम्प प्रभावित स्थानलाई पर्यटनको रुपमा राख्नु पर्दछ ।
- काठमाडौं तराई फास्ट ट्र्याक नेपाल सरकार आफैले गर्नु पर्दछ ।
- गा.वि.स.को रकम ५० लाख बनाउनु पर्दछ ।
- निर्वाचन पूर्वाधार विकास कार्यक्रमका लागि ५ करोड छुट्याउनु पर्दछ ।

५९. मा.श्री हरिलाल ज्ञवाली

- हाम्रो बजेट कुन सिद्धान्तमा आधारित छ ।
- बजेटको उद्देश्य र लक्ष्य किटान हुनु पर्दछ ।

- अहिले न गाउँमा विकास भएको छ न राजधानीको विकास भएको छ। बजेट कहाँ गएको छ ?
- प्राकृतिक सन्तुलनमा आधारित बजेट हुनु पर्दछ।
- बजेट रिजल्टमुखी आउनु पर्दछ।

६०. मा.श्री भक्तबहादुर विश्वकर्मा

- कृषि मल, बिउ बिजनलाई सस्तो बनाइदिनु पर्दछ।
- विचौलियाबाट कृषि क्षेत्र अलग हुनु पर्दछ।
- असक्त र निरीह बृद्धबृद्धालाई घरमै राख्न पर्ने व्यवस्था गरिनु पर्दछ।
- कालो बजारी नियन्त्रण गरिनु पर्दछ।

६१. मा.श्री आनन्दी पन्त

- यसको कार्यान्वय जटिल छ।
- तराईको जमिन रियल स्टेट भइरहेको कार्यलाई रोक्न ठोस कार्यक्रम हुनु पर्दछ।
- पर्यटन स्थलको प्रचार प्रसार होस्।
- रोकिएका विमानस्थलहरुलाई पुन : सुचारु गरिनु पर्दछ।
- शिक्षाम पर्याप्त बजेट हुनु पर्दछ। शैक्षिक माफियाहरुको अन्त्य गरिनु पर्दछ।
- गाउँ गाउँमा डाक्टर पुग्ने व्यवस्था होस्।
- दण्ड, पुरस्कारलाई लागू गर्दा पार्टी, राजनीति, नातावादबाट माथि उठ्नु पर्दछ।
- कृषि र उद्योग विकासका लागि दक्ष जनशक्ति निर्माण गरिनु पर्दछ।
- स्थल मार्ग र हवाई मार्गहरुको विकास होस्।
- कञ्चनपुरको एयरपोर्ट संचालनमा ल्याइयोस्।
- प्रदेश नं. ७ मा यथेष्ट बजेट विनियोजन गरियोस्।
- शैक्षिक माफियातन्त्रको हुनु पर्दछ।

६२. मा.श्री जनकबहादुर बुढा

- सरकारको खर्च गर्ने क्षमतामा सुधार ल्याउनु पर्दछ।
- कृषि, सामाजिक न्याय र सामाजिक सुरक्षामा सरकारको ध्यान पुगोस्।
- शान्ति प्रक्रियालाई कसरी टुङ्गयाउने स्पष्ट हुनु पर्दछ।
- जनताको उत्साहलाई सम्बोधन गरेर बजेट आओस्।

६३. मा.श्री उमेश श्रेष्ठ

- प्राकृतिक स्रोत साधन र नियम कानून राम्रो बनाइ दिएमा देशमा कायापलट हुन्छ ।
- बिजुली, रोड, सञ्चारलाई प्राथमिकता दिनु पर्दछ ।
- Output Base मा कृषिलाई विकास गरिनु पर्दछ ।
- शिक्षामा पर्याप्त बजेट विनियोजन हुनु पर्दछ ।
- व्यवसायिक र रोजगारीमूलक शिक्षामा जोड दिनु पर्दछ ।
- युवाहरुलाई सिपमूलक शिक्षा दिनु पर्दछ ।
- सात प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गरिनु पर्दछ ।
- एकद्वारा नीति अवलम्बन गरिनु पर्दछ ।
- भूमिलाई खण्डीकरण नगरी एकिकरण गरिनु पर्दछ ।

६४. मा.श्री पार्वत गुरुङ्ग

- बजेटले स्थानीय निर्वाचनलाई सम्बोधन गर्नु पर्दछ ।
- चीनसँग जोडिएका सिमाहरुमा सडकहरु निर्माण गरिनु पर्दछ ।
- युवा पलायनलाई रोक्नु पर्दछ ।
- एक निर्वाचन एक सडक व्यवस्था हुनु पर्दछ ।
- बहुवर्षिय योजनाहरुलाई अन्त्य गर्ने ।
- डुप्लिकेशन अन्त्य गर्ने ।
- युवा जनशक्तिलाई देशमा राख्न उद्यमी व्यवसायी गर्नमा जोड दिने ।
- विशेष जलश्रोत सम्बन्धी नीति तर्जुमा गर्ने ।
- NGO/INGO व्यवस्थापन गर्ने ।
- एकिकृत बस्ती विकास योजना लागू गर्ने ।

६५. मा.श्री सन्तकुमार थारु

- राष्ट्रिय पूँजी निर्माणको कुरा सिद्धान्तमा उल्लेख हुनु पर्दछ ।
- संविधान कार्यान्वयनलाई पहिलो प्राथमिकता दिनु पर्दछ ।
- प्रत्येक प्रदेशमा १/१ वटा अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्न आवश्यक छ ।
- राष्ट्रिय पूँजी निर्माणका लागि निजी, सहकारी र सरकारी ३ वटै क्षेत्रमा जोड दिनु पर्दछ । निजीलाई मात्र दिन हुदैन ।
- ३ क्षेत्रलाई लगानीमा समेत आकर्षित गर्ने व्यवस्था हुनु पर्दछ ।

६६. मा.श्री शयन्द्र वान्तवा

- पुरानो जिर्ण उद्योगलाई पुन : जिवन दिन सकियोस् ।
- रोजगारीको समस्या समाधान तिर अगाडी बढ्नु पर्दछ ।
- सांसदको ज्ञानको विकास बृद्धि गर्न तालिमको व्यवस्था होस र यसतर्फ बजेट निकासा होस् ।

६७. मा. श्री बिन्दादेवी आले

- सरकारको सिद्धान्त र प्राथमिकतामा वन क्षेत्र आओस् ।
- पर्यटक क्षेत्रको संरक्षण प्रबर्द्धन र विकासमा ध्यान जाओस् ।
- खानेपानी बितरण र भण्डारणमा सरकारले ध्यान देओस् ।

६८. मा.श्री जनकराज जोशी

- लक्ष्य र सिद्धान्त वीच सामान्यजस्य हुन सकेन ।
- आर्थिक स्थायित्व र बृद्धिलाई आवश्यक शर्तहरु नबनेको अवस्था ।
- न्यायिक सुधार, रोजगारी ।
- स्थानीय चुनावका कुरा उठेनन् ।
- Over हाउजिङ्ग रिसोर्स भएको छ यसालई व्यवस्थापन गरिनु पर्दछ ।

६९. मा.श्री गणेशमान गुरुङ

- पुन निर्माण र संविधान कार्यान्वयनमा जोड दिनु पर्दछ ।
- सामाजिक सुरक्षा भत्ता २०० प्रतिशत बढाइनु पर्दछ ।
- शिक्षामा १५% बजेट छुट्याइयोस् ।
- शैक्षिक ऋणको व्यवस्था हुनु पर्दछ ।
- पूँजी संकलन कसरी गर्न सकिन्छ त्यो बारेमा सोच्नु पर्दछ ।
- बजेटको न्यायोजित बितरण हुनु पर्दछ ।
- दीर्घकालीन विकासको लागि बजेट बितरण गर्नु पर्दछ ।
- प्रदेशहरुलाई दिइने बजेटको स्पष्ट खाका हुनु पर्दछ ।

७०. मा.श्री मोहन टुडु

- कृषि, उर्जा, जलश्रोत, पर्यटनलाई प्राथमिकता दिनु पर्दछ ।
- पर्यटन स्थलहरुको संरक्षण गर्न आवश्यक छ ।
- खानीहरुको प्रयोगको लागि बजेटको व्यवस्था हुनु पर्दछ ।
- केन्द्र र प्रदेशहरुमा कर्मचारीको व्यवस्थापन गरिनु पर्दछ ।

- नीति तथा कार्यक्रम प्रदेश अनुरुप बनाइनु पर्दछ ।
- युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्दछ ।
- तीन खम्बे नीतिलाई अगाडी बढाउनु पर्दछ ।

७१. मा.श्री बहादुर सिंह थापा

- भूकम्प पिडितका लागि पुन निर्माणको कार्यान्वयन पक्ष बलियो बनाउनु पर्दछ । पुननिर्माणमा अनुदान दिने व्यवस्था हुनु पर्दछ ।
- वास्तविक कृषहरुलाई लाभ हुने किसिमको नीति हुनु पर्दछ ।
- तालिम केन्द्रहरुको स्थापना सम्बन्धित स्थानहरुमा हुनु पर्दछ । सैद्धान्तिक भन्दा व्यवहारिक हिसाबले तालिम दिनु पर्दछ ।
- दिगो खालको बजेट निर्माण गर्नु पर्दछ ।
- Master Plan बनाएर योजना डिजाइन गर्नु पर्दछ ।

७२. मा.श्री पुरुषोत्तम पौडेल

- Vision Mission र Committement द्वारा देशलाई अघि बढाउन सकिन्छ ।
- कृषिमा अनुदान दिन जरुरी छ ।
- शिक्षामा व्यवसायिकरण, रोजगारमूलक बनाउने ।
- कृषि, उद्योग, पर्यटन आदिमा जोड दिने ।
- युवाहरुलाई Short Term र Long term व्यवसायिक तालिम दिनु पर्दछ ।
- ७ विकास क्षेत्रमा Industirial Districation बनाउन One door Policy मार्फत उद्योगको विकास गर्ने ।
- कृषिमा युवाहरुलाई परिचालन गरी One House One Product को नीति लिने ।
- जलश्रोत, प्राकृतिक सम्पदा र कृषि क्षेत्रलाई उत्साह हुने किसिमले विकास गरिनु पर्दछ ।
- युवाहरुलाई नेपाल फर्काउनेतिर सोच्नु पर्दछ । युवा पलायनलाई रोक्नु पर्दछ र रेमिट्यान्सबाट प्राप्त रकमलाई सदुपयोग गर्ने तर्फ सोच्नु पर्दछ ।
- राष्ट्रिय गौरवका आयोजनालाई यथेष्ट बजेट विनियोजन गरिनु पर्दछ ।

७३. मा.श्री गोमा कुँवर

- प्रादेशिक सन्तुलन हुने किसिमले बजेट बितरण हुनु पर्दछ ।
- राष्ट्रिय गौरव आयोजनालाई यथेष्ट बजेट छुट्याउनु पर्दछ ।
- संविधान कार्यान्वयन र पुननिर्माणलाई प्राथमिकता राख्नु पर्दछ ।
- विद्युत उत्पादनलाई महत्व दिनु पर्दछ ।

- कर्णाली करिडोरलाई कहाँसम्म पुऱ्याउने हो ? सो सम्बन्धमा ध्यानाकर्षण होस् ।
- सुर्खेत-जुम्ला बाटो बिस्तार गरियोस् ।
- शान्ति प्रक्रियाका बारेमा ठोस कार्यक्रम ल्याइयोस् ।
- उत्पादन र विकासमुखी बजेट ल्याउन आवश्यक छ ।

७४. मा.श्री राज्यलक्ष्मी श्रेष्ठ (काठमाडौं)

- एल.पि. ग्याँस र पेट्रोलियम पदार्थ आयात सम्बन्धी नीति ल्याउन आवश्यक छ । यसको भण्डारण क्षमतालाई लाई ७ प्रदेशमा बढाउनु पर्दछ ।
- लगानी मैत्री वातावरण नीति आवश्यक छ ।
- आर्थिक कटनीतिलाई सबल र सक्षम बनाइनु पर्दछ ।
- भूकम्प प्रभावित साँस्कृतिक सम्पदालाई पुननिर्माण गर्न बजेट व्यवस्थापन हुनु पर्दछ ।
- महिला, जनजाति, मधेशी, मुस्लीम, पिछडिएको वर्गको उत्थानको लागि बजेट विनियोजन गरिनु पर्दछ ।

७५. मा.श्री टीकाराम चेम्जोङ्ग लिम्बु

- विकासको लागि समावेशी सिद्धान्तको अवलम्बन गरिनु पर्दछ ।
- गाउँपालिकाहरुलाई ५० लाख उपलब्ध गराउनु पर्दछ ।
- वडाहरुलाई १० लाखसम्मको बजेटको व्यवस्था हुनु पर्दछ ।
- निर्वाचन क्षेत्रमा १ सडक हुन पऱ्यो । ५ करोड बजेट विनियोजन हुन पऱ्यो ।
- प्रदेशको राजधानीको लागि बजेटको व्यवस्था हुनु पर्दछ ।
- ठेक्कापट्टामा घटाघटको व्यवस्थामा सुधार गरिनु पर्दछ ।
- ग्रामीण कृषि विकास कोषको स्थापना हुनु पर्दछ ।
- ग्रामीण सडकमा ध्यान दिनु पऱ्यो ।

७६. मा.श्री शेषनाथ अधिकारी

- जलसम्पदाको भरपुर उपयोग गर्ने लक्ष्य निर्धारण गरिनु पर्दछ ।
- कुनै एक क्षेत्रको विकासको लागि विशेष कार्यक्रम निर्धारण गरी बजेट विनियोजन गरिनु पर्दछ ।

७७. मा.श्री लिला मगर

- निःशुल्क शिक्षाको व्यवस्था र शैक्षिक बेरोजगारीको व्यवस्थापनका लागि बजेट विनियोजन हुनु पर्दछ ।
- कर्मचारीको तलब, सुविधा पुनरावलोकन हुनु पर्दछ र गोल्डेन हेण्ड चेकको व्यवस्था गरी स्वेच्छिक अवकाशको व्यवस्था हुनु पर्दछ ।

७८. मा.श्री अन्जना चौधरी

- संविधानको मूल मर्मलाई समेट्न नसकेको ।
- आर्थिक पूर्वाधारको विकासका स्पष्ट खाका आउनु पर्‍यो ।
- कृषिमा विकास र बस्ती व्यवस्थित गर्नु पर्दछ ।
- शिक्षण संस्थाहरुको भौतिक पूर्वाधारहरुको सुधारका लागि कार्यक्रम ल्याइनु पर्दछ ।
- स्वदेशमा स्वरोजगार कार्यक्रमहरु निर्माण गरी युवा रोजगारीको बृद्धि गरिनु पर्दछ ।

७९. मा.श्री प्रेम किशोर प्रसाद साह

- कमला सिँचाई आयोजनाको निर्माण होस् ।
- तराईमा डिप ट्युबेल बनाउन बजेट विनियोजन होस् ।
- हुलाकी राजमार्गको शीघ्र निर्माण होस् ।
- प्रत्येक निर्वाचन क्षेत्रमा पाच करोड विनियोजन गरियोस् ।
- विशिष्ट व्यक्तिले पद मुक्त भएपछि सुविधा पाउने तर माननीयले भाडा वापत ६५०० पाउने ?
- सांसद सुविधामा बृद्धि होस् र सांसदहरुलाई पेन्सनको व्यवस्था गरियोस् ।

८०. मा.श्री रामकुमार भट्टराई

- शिक्षाको माध्यमबाट विदेशी मुद्रा आर्जन गर्ने कार्यक्रम ल्याइनु पर्दछ ।
- योजनाहरुलाई संकटकाल घोषणा गरी छिटो सम्पन्न गर्नमा जोड दिइयोस् ।
- बहुउद्देश्यीय खालका नदीलाई डाइभर्सन गर्ने योजनाहरुको निर्माण गरिनु पर्दछ ।

८१. मा.श्री महेन्द्र बहादुर शाही

- शान्ति प्रक्रियाको मुख्य विषय सक्रमणकालीन न्यायलाई टुङ्गयाउने ठोस योजना चाहियो ।
- भौतिक पूर्वाधार निर्माणमा जोड दिइयोस् ।
- युवा रोजगारी कार्यक्रमको स्पष्ट खाका तयार होस् ।

८२. मा.श्री मोख्तार अहमद

- पुननिर्माणमा जोड दिइयोस् ।

- मुश्लिम समुदायको मदर टेरेसा शिक्षालाई बजेट विनियोजन गरियोस् ।
- कोशीलाई कमला सिँचाईमा डाइभर्सन गर्ने कार्य होस् ।
- युवाको लागि विशेष कार्यक्रम आओस् ।
- बृद्ध भत्ता बृद्धि होस् ।
- सांसद सुविधा बृद्धि होस् ।

८३. मा.श्री प्रेम सुवाल

- स्थानीय निकायको निर्वाचन गरिनु पर्दछ ।
- सार्वजनिक यातायातलाई व्यवस्थित गरी ट्रली बसलाई पुन : संचालन गरियोस् ।
- शिशु स्याहार केन्द्रहरुको स्थापना गरियोस् ।
- भ्रष्टचारीलाई मृत्युदण्डको व्यवस्था होस् ।
- फोहोरबाट बिजुली उत्पादनमा जोड दिनु पर्दछ ।

८४. मा. श्री कृष्णप्रसाद पौडेल

- बिरगञ्जलाई विशेष आर्थिक क्षेत्रको रुपमा निर्माण गरिनु पर्दछ ।
- बिरगञ्जको बाटोलाई मर्मत गर्ने र ६ लेनको बनाउने ।
- "आफ्नै देशमा रोजगार आफ्नै देशको निर्माण नारा" का साथ अगाडी बढ्नु पर्ने ।
- निर्यातमुखी औद्योगिकरण नीति ल्याइनु पर्दछ ।
- एकिकृत भन्सार प्रणालीको विकास गरिनु पर्दछ ।
- जनशक्ति व्यवस्थापन गर्ने ।

८५. मा.श्री प्रेमबहादुर गिरी

- आर्थिक प्रणालीमा परिवर्तन गरिनु पर्दछ ।
- श्रम सम्मानको कुरा ल्याउनु पर्दछ ।
- प्राकृतिक एवं आर्युवेदिक शिक्षालाई जोड दिनु पर्दछ ।
- ल्याण्ड रिसेटलमेन्ट गरिनु पर्दछ ।
- जग्गा रजिष्ट्रेशन शुल्कलाई पूनविचार गर्नु पर्दछ ।
- परनिर्भरताबाट आत्मनिर्भरता तर्फ जानु पर्दछ ।
- आर्थिक विकासलाई मेरुदण्डको रुपमा लिनु पर्दछ ।
- खसीको मासुमा आत्मनिर्भर बन्नु पर्दछ ।

८६. मा.श्री मिठु मल्ल

- पहाडी क्षेत्रमा बजेट विनयोजन गर्दा ध्यान पुऱ्याइयोस् ।
- एक महिला बृद्धबृद्धाहरुलाई बजेटले ध्यान देओस् ।
- मध्य पहाडी लोकमार्गलाई अघि बढाउन बजेट छुट्याइयोस् ।
- समान ढङ्गले बजेट विनियोजन हुनु पर्दछ ।

८७. मा.श्री भवानी प्रसाद खापुङ्ग

- लोकप्रिय नारा र कार्यक्रमको निरन्तरता दिनु पर्दछ ।
- नेपालमा रासयनिक मलको कारखाना खोल्नु पर्दछ ।
- मल ढुवानीमा अनुदान दिनु पर्दछ ।
- प्रक्रियागत झन्झटिलोको अन्त्य गरिनु पर्दछ ।
- गाविसमा जाने बजेट ५० लाख पुऱ्याइनु पर्दछ ।
- प्रत्येक जिल्लामा प्राविधिक शिक्षालय खोलिनु पर्दछ ।

८८. मा.श्री अञ्जना ताम्ली

- उर्जा विद्युत उत्पादनको क्रान्ति हुनु पऱ्यो ।
- कृषि क्रान्ति हुनु पऱ्यो ।
- पयर्टनलाई उच्च प्राथमिकता दिने ।
- लक्षित समुदायलाई विशेष प्राथमिकता दिने ।
- निर्यातमूखी उत्पादनमा जोड दिने ।
- भ्रष्टाचार न्यूनिकरण, कालो बजारी नियन्त्रण गर्ने ।
- संघीय राज्यको राजधानी व्यवस्थित गर्न बजेट विनियोजन गर्ने ।
- सांसद विकास कार्यक्रमको बजेट बृद्धि गर्ने ।
- पुननिर्माणको कार्यलाई द्रुत गतिमा अघी बढाउने ।

८९. मा.श्री राजाराम स्याङताङ

- कृषिलाई परनिर्भरबाट आत्मनिर्भर बनाउन ९ वटा स को सिद्धान्त अवलम्ब गर्ने ।
- एकिकृत विकास योजनाको कार्यक्रममा जोड दिने ।
- जमिन बाँझो नराख्ने नीति अवलम्बन गर्ने ।
- समाजवाद उन्मुख बजेट लागू गर्न स्थानीय निकायको निर्वाचन गरिनु पर्दछ ।

९०. मा.श्री कमला कुमारी घिमिरे

- पर्यटकीय प्रबर्द्धनमा जोड दिने ।
- युवा वर्गलाई दक्ष, शिक्षित बनाउने र बौद्धिक सम्पत्ति आर्जन गर्ने नीति ल्याउने ।
- बाँझो भूमी उपयोग गर्ने नीति ल्याउने ।

९१. मा.श्री रबिन्द्र अधिकारी

- बजेट यथार्थपरक र कार्यान्वयनयोग्य हुनु पर्दछ ।
- बजेटमा नै यसको कार्यान्वयनको सुनिश्चितता हुनु पर्दछ ।
- अर्थतन्त्र पहिला तङग्रिने र त्यसपछि मात्र दौडिने खालको बजेट हुनु पर्दछ ।
- आवश्यक जनशक्ति निर्माणको स्पष्ट कार्ययोजना हुनु पर्दछ ।
- सार्वजनिक खरीद ऐनलाई पारित गरी Low Bidding को परिपाटीलाई अन्त्य गरिनु पर्दछ ।
- हुलाकी राजमार्गको कार्यलाई अगाडी बढाइनु पर्दछ ।

९२. मा.श्री रञ्जना कुमारी सरकार

- सडक निर्माण, हुलाकी राजमार्ग र भूकम्प पिडितलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने ।
- विद्युतीयकरणमा जोड दिइनु पर्ने ।
- तटबन्धलाई आवश्यक बजेट विनियोजन गरिनु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता बृद्धि गरिनु पर्ने ।

९३. मा.श्री ऋषिकेश पोखरेल

- निजी क्षेत्रको लगानीको वातावरण निर्माण गरिनु पर्दछ ।
- आधारभूत क्षेत्र र सामाजिक विकास यसको उद्देश्य हुनु पर्दछ ।
- स्थानीय निकायको निर्वाचन हुनु पर्दछ ।
- स्थानीय सहकारीको माध्यमबाट पूँजी र प्रविधिमा विकास गरिनु पर्दछ ।
- जग्गा बाँझो राख्न नपाउने व्यवस्था गरिनु पर्दछ ।
- हुलाकी सडक निर्माण गरिनु पर्दछ ।
- हरेक निर्वाचन क्षेत्रमा एक हजार युवालाई रोजगार दिने खालका कार्यक्रम ल्याइनु पर्दछ ।

९४. मा.श्री आदित्य नारायण कसौधन

- निजी क्षेत्रलाई हेर्ने धारणामा परिवर्तन गरिनु पर्दछ ।
- उर्जा बचतका लागि लिड बल्व लगाउन प्रोत्साहन गर्नु पर्दछ ।
- सफा खानेपानी, सहरी विकासमा जोड दिनु पर्दछ ।

९५. मा.श्री धनिराम पौडेल

- निजी क्षेत्रप्रेमी बजेट बनाए उदारवाद तर्फ जान्छ ।
- सैद्धान्तिक कमजोरी रहेको छ । निजी क्षेत्र मैत्री त्रुटी छ ।
- आर्थिक प्रणालीको मोडेल के हुन स्पष्ट हुन पर्‍यो ।
- रेमिटेन्सलाई व्यवस्थित गर्न रेमिटेन्सको निश्चित हिस्सा सरकारको कोषमा जम्मा गर्ने र सो बाट पूर्वाधार विकास गर्ने ।
- पूँजी व्यवस्थापन गर्ने तर्फ सोच्न जरुरी छ ।
- पूर्वाधारको वर्गिकरणको आधार के हो ?
- सामाजिक र आर्थिक दायित्व मुख्य विषय हुन ।
- "स्वस्थ्य, साक्षर, सक्षम र समृद्ध नेपाल" बन्ने बजेट आउनु पर्‍यो ।
- समावेशीका आधारमा राष्ट्र निर्माण गरौं ।
- जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने ।
- आयातलाई विस्थापन गर्ने नीति आउनु पर्दछ ।

९६. मा.श्री कु. टेकु नेपाली

- शिक्षा, स्वास्थ्य, खानेपानी गुणस्तर बनाउने ।
- जडिबुटी प्रशोधन केन्द्रलाई समेट्नु पर्दछ ।
- सीप विकास तालिमको व्यवस्था गरिनु पर्दछ ।
- सहकारी र निजी क्षेत्रको साझेदारीमा विकास गर्ने ।
- युवाहरुलाई स्वरोजगारीका लागि ऋण उपलब्ध गराउने ।
- अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिनु पर्दछ ।
- उच्च शिक्षासम्म निःशुल्क हुनु पर्दछ ।
- महिला स्वयंसेविकाहरुलाई विचार गरिनु पर्दछ ।
- समतामूलक समावेशी बजेट आउनु पर्दछ ।

९७. मा.श्री इच्छाराज तामाङ

- १७ वटा सिद्धान्तका बुँद्धालाई पुनरलेखन गर्नु पर्दछ ।
- सिद्धान्तमा लेखिएका कतिपय कुराहरु प्राथमिकतामा समेत राख्नु पर्ने जरुरी छ ।
- उर्जा, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारद्वारा आर्थिक विकास गर्ने ।
- Macro Budgetary Principle मा बजेट आउनु पर्दछ ।

- Strategy Budget ल्याउन जरुरी छ ।

९८. मा.श्री गणेश सिंह ठगुन्ना

- खनिज पदार्थ उत्खननमा जोड ।
- विद्यालयहरुमा आवश्यक शिक्षक दरबन्दीहरुको श्रृजना र पूर्ति होस् ।
- +२ भन्दा माथिका शैक्षिक बेरोजगारहरुलाई प्रमाणपत्र राखी ऋण उपलब्ध गराइनु पर्दछ ।

९९. मा.श्री कृष्णप्रसाद पौडेल

- बजेट कार्यान्वयन गर्नमा जोड ।
- उत्तर दक्षिण फास्टट्र्याक निर्माणमा बजेट विनियोजन होस् ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई ५ करोड विनियोजन हुनु पर्दछ ।
- काली गण्डकी करीडोरलाई बजेट विनियोजन गरिनु पर्दछ ।

१००. मा.श्री भिमप्रसाद आचार्य

- २ लेनको हाइवेहरु १ वर्षमा पुरा हुने गरी कार्यक्रम आउनु पर्ने ।
- बिरगञ्ज, काठमाडौं रेलमार्ग निर्माण गरिनु पर्ने ।
- किसानलाई सहुलियत हुने खालका कार्यक्रमहरु ल्याइनु पर्दछ ।
- तमोर किसान डाइभर्सन जस्ता सिँचाई आयोजनाहरुको सम्पन्नतामा आवश्यक पहल गरिनु पर्ने ।
- Free economic zone को घोषणा हुनु पर्दछ ।
- प्राविधिक शिक्षालयमा जोड ।
- कोशी समस्याको समाधामा जोड । (कोशी सम्झौता मार्फत सिर्जित) ।

१०१. मा.श्री युवराज ज्ञवाली

- अनुगमनको लागि संयन्त्र निर्माण गरी प्रभावकारी रुपमा लागू गर्ने ।
- सक्रिय राज्य मार्फत तीन खम्बे अर्थ नीति प्रयोग गर्दै उत्पादन बृद्धिमा जोड ।
- दीर्घकालीन र तत्कालीन कार्य गरी वर्गिकरण गरिनु पर्ने ।

१०२. मा.श्री गोकर्णराज बिष्ट

- बजेटले ठोस नीति र कार्यक्रम ल्याउन जरुरी छ ।
- अति विपन्न परिवारलाई परिचय पत्रको व्यवस्था मिलाई बजेट आउन जरुरी छ ।
- अति विपन्न र दलित परिवारका बालबालिकालाई विद्यालयसम्म ल्याउन विशेष व्यवस्था गरिनु पर्ने ।
- हिमाली र पहाडी भेगमा खानेपानी सुविधा दिने, विद्युत महशुलमा छुट दिने ।
- कर तिर्ने र छल्ने प्रवृत्तिलाई निर्मूल गर्ने ।

- पर्यटनको बहुआयमिक क्षेत्रको विकास गर्ने ।
- वागमती र बिष्णुमतीमा सुन्दरी जलदेखि नदीको वारिपारी बाटो निर्माण गरी हरियाली बनाउने ।
- पशुपालन, फलफुल र खाद्यान्य बालीको क्षेत्रको रुपमा बजेट आउनु जरुरी छ ।
- पूर्वाधार विकास, आर्थिक बृद्धि र रोजगारी बृद्धिमा प्रभावकारी कार्यान्वयनयोग्य बजेट आओस् ।
- बजेट प्रभावकारी ढङ्गले लागू होस् ।
- उत्पादन आय बृद्धि, रोजगारी बृद्धि, निर्यातमूलक उद्योग, सामाजिक क्षेत्र र उर्जा क्षेत्रमा लगानी थप हुनु पर्दछ ।
- नेपालमा रहेका जलविद्युतको कूल उत्पादन क्षमताको अध्ययन गर्ने ।
- कृषि उत्पादनमा आत्मनिर्भर बन्नका लागि कृषि औजार, मल आदिमा अनुदान दिने ।
- रेमिटेन्सलाई कम्तीमा २०% पूँजीगत कोष तयार गरी उत्पादनमूलक कार्यमा लगाउने ।
- नेपाली युवाहरुलाई देशमै रोजगारीको व्यवस्था गर्ने ।
- आवश्यक जनशक्ति उत्पादनको लागि लगानी बढाउनु पर्ने ।